☎ फोन नं.: 9855048897,9855048899
Email : pmamp.piu.bara@gmail.com
वेभसाइट : piubara.pmamp.gov.np

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
# राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाई, बारा
(कार्यक्षेत्र : बारा र पर्सा)

**सूचना नं. : ०३** **सूचना प्रकाशित मिति : २०८३/०५/०२**

## कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम संचालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना !

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ बाराको चालु आ.व. २०८३/८४ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमको कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम संचालन गर्नु पर्ने भएकोले कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत **"कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८२"** बमोजिम योग्यता पुगेका इच्छुक कृषि उद्यमीहरुले तपसिलमा उल्लेखित आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन भित्र अर्थात (मिति २०८३/०५/२२ गते भित्र) यस कार्यक्रम कार्यान्वयन एकाइ बाराको कार्यालय तथा जोन प्राविधिक एकाई पर्साको कार्यालयमा उपरोक्त कार्यविधिको अनुसूचि -२ अनुसारको ढाँचामा आवेदन तथा अनुसूचि -३ अनुसारको ढाँचामा कार्यक्रम संचालन सम्बन्धी प्रस्ताव दर्ता गर्नु हुन सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

**तपशिल**

| संचालन हुने कार्यक्रमको नाम | लक्षित लाभग्राही | कार्यक्रमको संचालन हुने क्षेत्र | कार्यक्रम संचालन गर्न सकिने बाली/वस्तु क्रियाकलापहरु | अनुदान रकम तथा भुक्तानी प्रक्रिया |
|---|---|---|---|---|
| कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम | कृषि उद्यमी वा १६ देखि ४० वर्ष उमेर समूह भित्रका युवा कृषक | बारा र पर्सा जिल्लाभरि | कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८२ को दफा ४ मा उल्लेख भए बमोजिम | • प्रस्तावको कूल लागतको बढीमा पचास प्रतिशत वा चार लाख रुपैया मध्ये जुन कम हुन्छ सोही रकम अनुदान स्वरुप बैंक खातामा भुक्तानी गरिने । |

**निवेदन साथ संलग्न कागजातहरु :**

१. कार्यक्रम संचालन सम्बन्धी निर्दिष्ट ढाँचा बमोजिमको प्रस्ताव ।
२. निवेदकको व्यक्तिगत तथा तिनपुस्ते विवरण खुल्ने कागजातहरु (नागरिकताको प्रतिलिपि) ।
३. कार्यक्रम संचालनका लागि आवश्यक जग्गा सम्बन्धि कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा जग्गा लिएको भएमा जग्गाधनीसँग कम्तिमा ५ वर्ष र प्रशोधन तथा भण्डारणसँग सम्बन्धित संरचना निर्माणतर्फ कम्तीमा १० वर्षका लागि गरिएको सम्झौता पत्रको प्रतिलिपि ) ।
४. उद्यम वा व्यवसाय दर्ता भएको भएमा सम्बन्धित कार्यक्रम कार्यान्वयन एकाइमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, अघिल्लो आ.व. सम्म कर चुक्ता गरेको विवरणको प्रमाणित प्रतिलिपि, कारोबार सम्बन्धी अन्य कागजातहरु ।
५. स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपि ।
६. समूह/सहकारी संस्थाको सदस्य भएमा सम्बन्धित समूह/सहकारी संस्थाको सिफारिस पत्र ।

**नोट :** जानकारीको लागि:

- कार्यक्रम सम्बन्धी विस्तृत जानकारीको लागि सूचना अधिकृत (आरती चौधरी) मोबाइल नं ९८५५०४८८९७, मा सर्पक गर्न सकिने छ तथा पर्साको हकमा कृषि प्राविधिक (दिपेन्द्र चौधरी सम्पर्क नं ९८६०३२३१९९) मा सम्पर्क गर्न सकिने छ साथै (***www.piubara.pmamp.gov.np*** मा हेर्न र डाउनलोड गर्न सकिने) ।

.........................................
राम बलम प्रसाद साह
बरिष्ठ कृषि अधिकृत

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कृषि, वन तथा पर्यावरण मन्त्रालय
नेपाल सरकार
कार्यक्रम कार्यान्वयन एकाइ
बारा

**कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८२ को दफा ४ मा उल्लेख भए बमोजिम प्रस्ताव पेश गर्न सकिने बाली/वस्तु तथा मूल्य-श्रृंखलाका क्षेत्रहरु :**

(क) तरकारीको व्यवसायिक उत्पादन, प्रशोधन तथा बजारीकरण,

(ख) तरकारी बीउ-बेर्ना उत्पादन, प्रशोधन तथा भण्डारण,

(ग) दुग्धजन्य वस्तुको प्रशोधन तथा विविधिकरण, छुर्पी उत्पादन, भण्डारण तथा निर्यात,

(घ) च्याउ बीउ उत्पादन, च्याउ प्रशोधन, भण्डारण र बजारीकरण,

(ङ) मासुजन्य पदार्थको भण्डारण, प्रशोधन र बजारीकरण,

(च) अदुवा, बेसार र मसलाजन्य बालीको प्रशोधन तथा बजारीकरण,

(छ) मौरीपालन व्यवसाय र मह प्रशोधन,

(ज) जौ, फापर, सिलाम, कोदो, चिनो, कागुनो, लगायत रैथाने बालीको उत्पादन, प्रशोधन तथा बजारीकरण,

(झ) प्राङ्गारिक, गड्यौली मल वा जैविक मल उत्पादन तथा बजारीकरण,

(ञ) बागबानी नर्सरी स्थापना तथा विकास, पुष्प व्यवसाय, टिस्यु-कल्चर प्रविधिबाट बीउ र विरुवा उत्पादन गर्ने व्यवसाय,

(ट) फलफुल प्रशोधन र बजारीकरण,

(ठ) खाद्यान्नको वीउ उत्पादन तथा प्रशोधन,

(ड) ग्रीन हाउसभित्र उत्पादन गरिने बालीहरुको उत्पादन प्रशोधन र भण्डारण,

(ढ) साना तथा मझौला खालका कोल्ड च्याम्वर स्थापना तथा सञ्चालन,

(ण) घाँसबाट हे (Hay), साईलेज (Silage) तथा हेलेज (Haylage) उत्पादन व्यवसाय,

(त) प्राङ्गारिक कृषि वस्तु निर्यात,

(थ) व्यवसायिक पशुपन्छी तथा मत्स्य पालन उत्पादन र प्रशोधन,

(द) जैविक विषादी, प्राङ्गारिक विषादी, वनस्पतिजन्य विषादी उत्पादन, प्रशोधन तथा बजारीकरण।

राम बलभ प्रसाद साह
वरिष्ठ कृषि अधिकृत